नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./पत्राचार/फा.नं.४/२०७६/७७
चलानी नं.:- ३८६

मितिः- २०७६/१२/०६

विषयः- सहयोग र समन्वय गरिदिने सम्बन्धमा।

श्री स्थानीय तहहरु, (सबै) ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. ०७६/०७७, च.नं. ४०१, मिति २०७६/१२/०४ को सहजीकरण र समन्वय गरिदिने सम्बन्धी प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाट अवगत गर्नुभई सोही अनुसार आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

०७६।१२।०६

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(विद्यालय शिक्षा शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः- २०७६।०७७
चलानी नं.:- ४०१

मितिः २०७६।१२।०४

विषय : सहजीकरण र समन्वय गरिदिने बारे ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

विश्वभर कोरोना भाइरस (कोभिड-१९) को संक्रमण र संत्रास बढ्दै गएको सन्दर्भमा आवश्यक सतर्कता अपनाउनु उपयुक्त भएकाले विद्यालयगत रुपमा सञ्चालन हुने शैक्षिक सत्र २०७६ को कक्षा १ देखि कक्षा ९ सम्मको वार्षिक परीक्षा यथाशीघ्र प्रारम्भ गरी २०७६ चैत्र ५ गतेभित्र सम्पन्न गरिसक्ने व्यवस्था गर्न गराउन तथा विद्यालयमा सभा, समारोह, वार्षिक उत्सव लगायतका जनभेला हुने प्रकृतिका कार्यक्रमहरुको आयोजना नगर्न, नगराउन यस मन्त्रालयबाट आह्वान गरिएको थियो । यो परीक्षा समाप्त भएपछि अर्को शैक्षिक सत्र शुरु नहुन्जेलसम्म बालकालिकाहरुलाई आ-आफ्नो घर परिवारमा नै रहन, संक्रमणको संत्रास रहेको यो अवस्थामा घर बाहिर नजान तथा यो अवधिमा मुलुकको विशेष परिस्थितिलाई ध्यानमा राखी विद्यालयमा साँस्कृतिक कार्यक्रम, वार्षिक अभिभावक दिवस, नतिजा सार्वजनिकीकरण, इन्ट्रान्स परीक्षा तथा भर्नाको नाममा भीडभाड वा भेला हुने प्रकृतिका कार्यक्रम नगर्न, नगराउन सबै विद्यालयलाई आह्वान गरिएको छ । सो बमोजिम गर्ने, गराउने कार्यमा सहजीकरण र समन्वयका लागि स्थानीय तहहरुलाई तहाँबाट निर्देशन हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

(बालकृष्ण सिंखडा)
शाखा अधिकृत